# केपिलासगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८ सङ्ख्या १ मितिः २०८१/०३/३०

## भाग- २

## केपिलासगढी गाउँपालिका

## केपिलासगढी गाउँ कार्यपालिकाको कार्यालय

केपिलासगढी गाउँपालिका, खोटाङ

### दरबन्दी मिलान, विद्यालयको तह घटाउने र विद्यालय मर्ज सम्बन्धि कार्यविधि २०८१

**प्रस्तावनाः**

यस केपिलासगढी गाउँपालिका अन्तर्गत पर्ने सबै विद्यालयहरूको सेवा क्षेत्र भित्र रहेका विद्यालय उमेर समूहका बालबालिकाहरूलाई माध्यमिक तहसम्मको गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि र हाल सञ्चालन भइरहेका विद्यालयहरूलाई व्यवस्थित गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को खण्ड ११ को ज (११) ले दिएको अधिकार प्रयोग गरी यस गाउँ कार्यपालिकाले यो **दरबन्दी मिलान र विद्यालय मर्ज सम्बन्धि कार्यविधि २०८१** जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १. सङ्क्षिप्त नाम र प्राम्भः

क. यो कार्यविधिको नाम **दरबन्दी मिलान, विद्यालयको तह घटाउने र विद्यालय मर्ज सम्बन्धि कार्यविधि २०८१** रहेको छ ।

ख. यो कार्यविधि केपिलगढी गाउँकार्यपालिकाबाट निर्णय भई जारी भए पछि लागु हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "कार्यपालिका" भन्नाले केपिलासगढी गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

ख. "गाउँपालिका" भन्नाले नेपालको सम्बिधान बमोजिम गठन भएको केपिलासगढी गाउँपालिका सम्झनुपर्छ ।

ग. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले केपिलागढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

घ. "बालबिकास केन्द्र" भन्नाले चार वर्ष शुरु भई पाँच वर्षको उमेर पूरा नगरेसम्मका बालबालिकाको लागि खोलिएका प्रारम्भिक बालबिकास केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनुपर्छ ।

ङ. "व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

च. "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

छ. "शिक्षा अधिकृत" भन्नाले केपिलासगढी गाउँ कार्यपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

केपिलासगढी गाउँपालिका, खोटाङ

ज. "शिक्षा शाखा" भन्नाले केपिलासगढी गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा इकाइलाई सम्झनुपर्छ ।

झ. "शिक्षा समिति" भन्नाले केपिलासगढी गाउँपालिकाले गठन गरेको शिक्षा सम्बन्धि समितिलाई सम्झनुपर्छ ।

ञ. "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गरइने वार्षिक अवधिलाई सम्झनुपर्छ ।

ट. "आधारभूत विद्यालय" भन्नाले कक्षा आठसम्म पठनपाठन हुने विद्यालय सम्झनुपर्छ ।

ठ. "माध्यमिक विद्यालय" भन्नाले कक्षा १२ सम्म पठनपाठन हुने विद्यालय सम्झनुपर्छ ।

ड. "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

ढ. "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा सञ्चालन गर्ने गरी अनुमति पाई स्थापित विद्यालयलाई सम्झनुपर्छ ।

ण. "विद्यालय" भन्नाले सामुदायिक वा संस्थागत विद्यालयलाई सम्झनुपर्छ ।

त. "कार्यदल" भन्नाले केपिलासगढी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा शिक्षक दरबन्दी मिलानमा प्राविधिक सहयोग गर्न गठन गरिएको कार्यदल भन्ने सम्झनुपर्छ।

## परिच्छेद २

## दरबन्दी मिलान सम्बन्धि व्यवस्था

### ३. शिक्षक दरबन्दी मिलान सम्बन्धि व्यवस्थाः

१) गाउँ शिक्षा समितिको सिफारिस र गाउँ कार्यपालिकाको निर्णय अनुसार केपिलासगढी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा शिक्षक दरबन्दी मिलान गर्न सकिनेछ ।

२) केपिलासगढी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा शिक्षक दरबन्दी मिलान गर्नु अघि प्रत्येक विद्यालयको विद्यार्थी सङ्ख्या यकिन गरिनेछ ।



केपिलासगढी गाउँपालिका, खोटाङ

३) उपखण्ड (१) बमोजिम विद्यार्थी सङ्ख्या यकिन गर्दा विद्यालयले चालु शैक्षिक सत्रमा भरेको शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) अनुसारको विद्यार्थी सङ्ख्या र कार्यदलले विद्यालय अनुगमन गर्दा देखिएको विद्यार्थी सङ्ख्या मध्ये जुन कम हुन्छ त्यसलाई आधार बनाइनेछ ।

४) उपखण्ड (२) बमोजिम विद्यार्थी सङ्ख्याका आधारमा अनुसूची १ बमोजिमको शिक्षक दरबन्दी हुने गरी दरबन्दी मिलान गरिनेछ ।

५) शिक्षक दरबन्दी मिलान गर्दा नेपाल सरकारले उपलव्ध गराएको स्वीकृत दरबन्दी, उ.मा.वि. अनुदान कोटा, राहत अनुदान कोटा, संघीय अनुदान कोटा, प्रदेश अनुदान कोटा र गाउँपालिका अनुदान कोटा समेतलाई गणना गरी मिलान गरिनेछ ।

६) संघीय सरकारबाट केपिलासगढी गाउँपालिकालाई दिएको जम्मा शिक्षक दरबन्दीमा थपघट भएमा पुनः दरबन्दी मिलान गरिनेछ ।

७) आधारभूत तह कक्षा ८ सम्म संचालित र कक्षा १-१० संचालित विद्यालयमा विषयगत दरवन्दी नभएको विद्यालयहरुमा प्राथमिक तहको दरबन्दी विद्यार्थी संख्याको आधारमा का**टिने स्थिति भएमा विषयगत दरवन्दी नआए सम्मको लागि प्राथमिक तहको दरवन्दी पुल दरवन्दीकोरुपमा राखिने छ ।**

१) खण्ड ३ अनुसार दरबन्दी मिलान गर्दा हाल जुन विद्यालयमा दरबन्दी बढी भएको छ सो विद्यालयबाट हाल जुन विद्यालयमा दरबन्दी कम छ सो विद्यालयमा शिक्षक सरुवा गरिनेछ ।

२) कुनै विद्यालयमा माथिल्लो तहमा दरबन्दी थप गर्नुपर्ने तर तल्लो तहमा दरबन्दी कटाउनु पर्ने भएमा माथिल्लो तहमा जति सङ्ख्यामा शिक्षक दरबन्दी थप गर्नुपर्ने हो त्यति सङ्ख्यामा शिक्षक व्यवस्थापन नभएसम्म तल्लो तहको शिक्षकलाई सोही विद्यालयमा पुलमा राखिनेछ ।

३) गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षकहरूलाई पनि दरबन्दी मिलानको क्रममा गाउँपालिका भित्र अन्य विद्यालयमा सरुवा गर्न सकिनेछ र आवश्यक पर्ने दरबन्दीभन्दा बढी हुन गएमा सो कोटा खाली रहेको अवस्थामा पुन शिक्षक नियुक्ति गरिनेछैन ।

४) शिक्षक सरुवा गर्दा कनिष्टताका आधारमा सरुवा गरिनेछ तर महिला र अपाङ्ग शिक्षकलाई सामान्यतया अपायक हुने गरी सरुवा गरिनेछैन ।

५) नि.मा.वि. र मा.वि. तहको शिक्षकलाई सरुवा गर्नुपर्दा विषय मिल्ने गरी मात्र सरुवा गरिनेछ।

## परिच्छेद ३

## विद्यालय मर्ज सम्बन्धि व्यवस्था

**४. विद्यालय गाभ्न सकिने:**

१) देहायको कुनै अवस्थामा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार दुई वा दुई भन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न सकिनेछ ।

क. आधारभूत तह (कक्षा १-३) मा विद्यार्थी सङ्ख्या १८ जना भन्दा कम भएमा वा

ख. दुई वा सो भन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको भएमा वा

ग. दुई वा सो भन्दा बढी विद्यालयमा अध्ययन गर्ने अधिकांश विद्यार्थीको घरदेखि विद्यालय बीचको पैदल दुरी तीस मिनेट भन्दा कम रहेमा ।

२) विद्यालय गाभिएमा भौगोलिक विकटताको आधारमा उक्त विद्यालयमा बाल बिकास केन्द्र सञ्चालनको व्यवस्था गर्न सकिनेछ ।

३) बाल बिकास केन्द्र समेत सञ्चालन भएको विद्यालयको बाल बिकास केन्द्रमा ६ जनाभन्दा कम विद्यार्थी भएमा सो बाल बिकास केन्द्रलाई अन्य विद्यालयमा सार्न सकिनेछ ।

**५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति सम्बन्धि व्यवस्था:**

खण्ड ५ बमोजिम विद्यालय गाभिएमा गाभिने विद्यालयमा रहेको चल अचल सम्पत्ति गाभिएको विद्यालयको नाममा नामसारी गरी वा जिन्सी दाखिला गरी आम्दानी बाँधी अभिलेख राखु पर्नेछ ।

## परिच्छेद ४



केपिलासगढी गाउँपालिका, खोटाङ

## तह/कक्षा घटाउने सम्बन्धि व्यवस्था

### ६. विद्यालयको तह वा कक्षा घटाउन सकिनेः

१) देहायको अवस्थामा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार कुनै विद्यालयको तह वा कक्षा घटाउन सकिनेछ ।

क. कक्षा ३ सम्म सञ्चालित आधारभूत विद्यालयमा कक्षा १-३ को विद्यार्थी सङ्ख्या १८ जना भन्दा कम भएमा बाल बिकास केन्द्र मात्र सञ्चालन गर्ने ।

ख. कक्षा ५ सम्म सञ्चालित आधारभूत विद्यालयमा कक्षा ४ र ५ मा १२ जना भन्दा कम विद्यार्थी भएमा कक्षा १-३ सम्म मात्र कक्षा सञ्चालन गर्ने ।

ग. कक्षा ८ सम्म सञ्चालित आधारभूत विद्यालयमा कक्षा ६-८ मा १८ जना भन्दा कम विद्यार्थी भएमा कक्षा १-५ सम्म मात्र कक्षा सञ्चालन गर्ने ।

घ. कक्षा १० सम्म सञ्चालित माध्यमिक विद्यालयको कक्षा ९ र १० मा १५ जना भन्दा कम विद्यार्थी भएमा आधारभूत तह (कक्षा १-८) मात्र सञ्चालन गर्ने ।

ङ. कक्षा १२ सम्म सञ्चालित माध्यमिक विद्यालयको कक्षा ११ र १२ मा २० जना भन्दा कम विद्यार्थी भएमा माध्यमिक तह (कक्षा १-१०) मात्र सञ्चालन गर्ने ।

२) उपखण्ड (१) बमोजिमको आधारमा विद्यालयहरू गाभ्ने निर्णय गर्दा कार्यपालिकाले त्यस्ता विद्यालयको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी यकिन गरी बढी हुन आएको शिक्षक तथा कर्मचारीको व्यवस्थापनको विषयमा समेत निर्णय गर्नु पर्नेछ ।

केपिलासगढी गाउँपालिका, खोटाङ

## अनुसूची १

## विद्यालयमा रहने शिक्षक दरबन्दी

केपिलासगढी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा देहाय बमोजिम शिक्षक दरबन्दी रहनेछन् ।

१. बाल बिकास केन्द्रमा ६-१५ जनासम्म विद्यार्थी भएमा न्यूनतम १ जना र १५ भन्दा बढी विद्यार्थी भएमा शिक्षक विद्यार्थी अनुपात १:१५ हुने गरी बाल शिक्षक ।

२. कक्षा ३ सम्म सञ्चालित आधारभूत तहको विद्यालयको कक्षा १-३ मा १८-३० जना विद्यार्थी भएमा न्यूनतम २ जना र ३० भन्दा बढी विद्यार्थी भएमा शिक्षक विद्यार्थी अनुपात १:१५ हुने गरी प्राथमिक तहको शिक्षक ।

३. कक्षा ५ सम्म सञ्चालित आधारभूत तहको विद्यालयमा २ जना शिक्षक र विद्यालयको कक्षा १-५ मा ३०-४५ जना विद्यार्थी भएमा न्यूनतम ३ जना र ४५ भन्दा बढी विद्यार्थी भएमा शिक्षक विद्यार्थी अनुपात १:१५ हुने गरी प्राथमिक तहको शिक्षक ।

४. कक्षा ८ सम्म सञ्चालित आधारभूत तहको विद्यालयमा खण्ड ३ अनुसारको शिक्षक र कक्षा ६ देखि ८ सम्म १८-४५ जना विद्यार्थी भएमा नि.मा.वि. तहको न्यूनतम ३ जना र ४५ जना भन्दा बढी विद्यार्थी भएमा शिक्षक विद्यार्थी अनुपात १:१५ हुने गरी देहाय बमोजिमका विषयको नि.मा.वि. तहको शिक्षक

क. अंग्रेजी विषयको १ जना

ख. नेपाली विषयको १ जना

ग. बिज्ञान वा गणित विषयको १ जना

घ. सामाजिक विषयको १ जना

५. कक्षा १० सम्म सञ्चालित माध्यमिक तहको विद्यालयमा लागि खण्ड ४ अनुसारको शिक्षक र कक्षा ९ र १० मा १५-६० जना विद्यार्थी भएमा निम्न लिखित विषयको मा.वि. तहको ४ जना र ६० जना भन्दा बढी विद्यार्थी भएमा शिक्षक विद्यार्थी अनुपात १:१५ हुने गरी देहाय बमोजिमका विषयको मा.वि. तहको शिक्षक

क. अंग्रेजी विषयको १ जना

ख. नेपाली विषयको १ जना

ग. गणित विषयको १ जना

घ. बिज्ञान विषयको १ जना

ङ. सामाजिक विषयको १ जना

च. अन्य ऐच्छिक विषयको २ जना

६. कक्षा १२ सम्म सञ्चालित माध्यमिक तहको विद्यालयमा लागि खण्ड ५ अनुसारको शिक्षक र कक्षा ११-१२ मा २०-४० जना विद्यार्थी भएमा निम्न लिखित विषयको उ.मा.वि. तहको २ जना र ४० जना भन्दा बढी विद्यार्थी भएमा शिक्षक विद्यार्थी अनुपात १:२० हुने गरी देहाय बमोजिमका विषयको उ.मा.वि. तहको शिक्षक

क. अंग्रेजी विषयको १ जना

ख. नेपाली विषयको १ जना

ग. सामाजिक विषयको १ जना

ङ. अन्य ऐच्छिक विषयको २ जना

७. प्राविधिक धारको कक्षा ९-१० का लागि प्रशिक्षक (मा.वि. तह) १ जना र सहायक प्रशिक्षक (नि.मा.वि. तह) १ जना तथा प्राविधिक धारको कक्षा ११-१२ का लागि प्रशिक्षक (उ.मा.वि. तह) १ जना र प्रशिक्षक (मा.वि. तह) १ जना ।

द्रष्टव्यः खण्ड ४, ५ र ६ का उपखण्डहरू मध्ये प्रत्येक विषयका १/१ जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयका एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन ।

केपिलासगढी गाउँपालिका, खोटाङ